# युवा लक्षित कृषि कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७७

पाथीभरा याङवरक गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
थेचम्बु, ताप्लेजुङ
प्रदेश नं. १, नेपाल

# युवा लक्षित कृषि कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७७

## पृष्ठभूमि

देशको कुल ग्राहस्थ्य उत्पादनको एक तिहाइ भन्दा बढी कृषि क्षेत्रबाट प्राप्त हुने र दुइ तिहाइ भन्दा बढी जनसंख्या रोजगारी तथा जिविकोपार्जनका लागि यस क्षेत्रमा निर्भर रहने भएकोले नेपालको अर्थतन्त्रमा कृषि क्षेत्रको महत्वपुर्ण भुमिका रहेको स्पष्ट छ । नेपालमा प्रत्येक वर्ष ५ लाख जति उत्पादनशिल युवाहरु वैदेशिक श्रम बजारमा प्रवेश हुने गरेका छन् । यसै सन्दर्भमा युवाहरुलाई कृषि क्षेत्रमा आकर्षित गरी कृषि उत्पादन र उत्पादकत्वमा वृद्वि गर्ने र कृषि क्षेत्रको व्यवसायीकरण बाट आय आर्जन बढाउने उद्देश्यले "युवा लक्षित कृषि कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७७" तयार गरिएको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः

(क) यो कार्यविधिको नाम "युवा लक्षित कृषि कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७७" रहेको छ ।

(ख) यो कार्यविधि पाथीभरा याङवरक गाउँपालिकाको कार्यपालिकाबाट स्वीकृत भएको मितिबाट प्रारम्भ हुनेछ ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा-

क) "युवा लक्षित कृषि कार्यक्रम" (Youth Focused Program) भन्नाले युवाहरुलाई कृषि क्षेत्रमा आकर्षित गर्न प्रविधि, तालिम तथा बीउ पूँजि सहितको व्यवसायिक तरकारी खेती, मौरीपालन र च्याउ खेति/उत्पादन, तेलहन वाली खेति, मसला वाली खेति, दलहन वाली खेति भन्ने बुझनु पर्दछ ।

ख) "युवा" भन्नाले युवा लक्षित कार्यक्रम संचालन गर्न चाहने १८ देखि ५० बर्ष सम्मका नेपाली नागरिक भन्ने बुझ्नु पर्दछ ।

ग) "च्याउ उत्पादन कार्यक्रम" भन्नाले च्याउको बीउ उत्पादन तथा विक्री वितरण, ताजा च्याउ उत्पादन गर्ने जनाउँछ ।

घ) "मौरी पालन" भन्नाले मह उत्पादन तथा मौरी गोला, घार र उपकरण निर्माणसँग सम्बन्धित व्यवसायलाई बुझाउँदछ ।

ङ) "मसला वाली" भन्नाले मसलाको रुपमा प्रयोग हुने प्याज, लसुन, अदुवा, वेसारको खेति/उत्पादन, प्रशोधन र वजारीकरण गर्ने जनाउँछ ।

च) "दलहन वाली" भन्नाले मास, मुसुरो, चना, भटमास, वोडी आदिलाई बुझाउँदछ ।

छ) "तेलहन वाली" भन्नाले तोरी, रायो, बदाम, तिल, आदिलाई बुझाउँदछ ।

ज) "स्कीम" भन्नाले तरकारी, तेलहन वाली खेति, मसला वाली खेति, दलहन वाली, मौरी र च्याउ खेती/व्यवसाय संचालनको लागि तयार गरिएको प्रस्ताव भन्ने बुझ्नु पर्दछ ।

३. उद्देश्यः यस कार्यविधिका उद्देश्य देहाय वमोजिम रहेको छ —

(क) तरकारी, तेलहन वाली, मसला वाली, दलहन वाली, च्याउ र मौरीपालन व्यवसाय संचालनको लागि आवश्यक पर्ने प्रविधि तथा प्रतिस्पर्धी अनुदान प्रदान गर्ने ।

(ख) युवाहरुको लागि स्वदेशमा रोजगारीको अवसरहरु श्रृजना गर्न सहयोग पुर्याउने ।

(ग) युवाहरुको आय आर्जनमा टेवा पुर्याइ कृषक परिवारको जिवनस्तरमा सुधार ल्याउन सहयोग पुर्याउने ।

(घ) कृषिजन्य वस्तुको उत्पादन र उत्पादकत्वमा वृद्धि गर्ने ।

## परिच्छेद-२

## युवा लक्षित कृषि कार्यक्रम तथा कार्यक्रम संचालन विधि

४. युवा लक्षित कृषि कार्यक्रमः यस कार्यविधि अन्तर्गत देहाय बमोजिमका कार्यक्रमहरु संचालन गरिने छन् ।

क. युवा लक्षित व्यवसायिक तरकारी उत्पादन कार्यक्रम

ख. युवा लक्षित मौरीपालन कार्यक्रम

ग. युवा लक्षित च्याउ उत्पादन कार्यक्रम

घ. मसला वाली खेति कार्यक्रम

ङ. दलहन वाली खेति कार्यक्रम

च. तेलहन वाली खेति कार्यक्रम

छ. रैथाने वाली खेति कार्यक्रम(जौ, फापर आदि)

५. युवा लक्षित कार्यक्रम छनौटका आधारहरुः

लक्षित कार्यक्रम संचालनार्थ युवा कृषक तथा क्षेत्र छनौटका आधारहरु देहाय बमोजिम हुनेछन् ।

क) तरकारी खेती, तेलहन वाली खेति, मसला वाली खेति, दलहन वाली, च्याउ उत्पादन र मौरीपालन व्यवसाय गरिने स्थल प्राविधिक, भौगोलिक तथा आर्थिक दृष्टिकोणले उपयुक्त हुनुपर्ने छ ।

ख) कार्यक्रम संचालनको लागि जमिन आफ्नै वा भाडामा लिएर गर्न सकिनेछ । स्कीम संचालन गर्ने युवा गाउँपालिकाको स्थायी बासिन्दा हुनु पर्ने छ ।

ग) कार्यक्रमको लागि सम्बन्धित युवाहरुले स्कीमको कूल लागतको १५% भार व्यहोर्नु पर्नेछ । उक्त भार नगत/श्रमदान/जिन्सी वा तीन वटै श्रोत गरी हुन सक्ने छ ।

घ) महिला, दलित, सामाजिक रुपमा पिछडिएका, विपन्न युवा तथा वैदेशिक रोजगारबाट फर्केका युवालाई विशेष प्राथमिकता दिईने छ ।

ङ) वातावरणीय अनुकूलका स्कीमहरुलाई प्रोत्साहित गरिने छ ।

च) सरकारी तथा गैह सरकारी निकायका अन्य कार्यक्रमबाट सम्बन्धित कार्यक्रमको लागि सहयोग नलिएको स्कीम छनौट गरिने छ ।

छ) एक पटक अनुदान पाएका कृषक/संगोलमा रहेका कृषक परिवारलाई पूनः अनुदान दिईने छैन ।

ज) नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकार अन्तर्गत स्थायी वा अस्थायी जागिरमा संलग्न युवालाई यो कार्यक्रममा समावेश गरिने छैन ।

झ) छनौट भएका स्कीमहरु सोही आर्थिक वर्ष भित्र पुरा हुनुपर्दछ ।

६. **युवा लक्षित कार्यक्रम संचालन प्रकृया:**

युवा लक्षित कार्यक्रम संचालन प्रकृया देहाय बमोजिम हुनेछ ।

क) **सूचना प्रवाहः** गाउँपालिकाले युवा लक्षित कार्यक्रम संचालन गर्दा अपनाउनु पर्ने आधारहरु तथा कार्यविधी बारे स्थानिय पत्र पत्रिका, वडा कार्यालय तथा स्थानिय एफ.एम. मार्फत अनुसूची-१ बमोजिमको ढाँचामा सूचना प्रवाह गराउनु पर्नेछ ।

ख) **आवेदनः** उपरोक्त कार्यक्रम अन्तर्गत संचालन हुने कुनै पनि कार्यक्रम कार्यान्वयनको लागि विदेशबाट फर्केका, विदेश जान लागेका, कृषि सम्बन्धी अध्ययन गरी वेरोजगार रहेका तथा स्थानिय बेरोजगार युवाहरुबाट अनुसुची २ बमोजिमको ढाँचामा सम्बन्धित वडा कार्यालय वा गाउँपालिकाको कार्यालयमा आवेदन पेश गर्नुपर्ने छ । वडा कार्यालयमा पेश हुन आएका स्कीमहरु वडा कार्यालयले गाउँपालिकाको कार्यालयमा सिफारिस साथ स्कीम दर्ता गराउँनु पर्नेछ ।

ग) **स्कीमः** आवेदनको साथमा अनुसूची ३ बमोजिमको ढाँचामा आफूले गर्न चाहने स्कीमको संक्षिप्त कार्ययोजना पेश गर्नुपर्नेछ र सम्बन्धित क्षेत्रमा कार्यरत कृषि प्राविधिकबाट रुजु गर्नुपर्नेछ ।

घ) **छनौट प्रक्रियाः** पाथीभरा याङवरक गाउँपालिका कृषि विकास शाखाले दफा ७(ग) बमोजिम युवा लक्षित कार्यक्रम बारे माग भई आएका आवेदनहरुको छनौट प्रक्रिया अगाडि बढाउँदा अनुसूची ५ मा उल्लेखित सूचकहरुको आधार एवं स्किम संचालन हुने स्थानको स्थलगत अवलोकन प्रतिवेदन तयार गरि कृषि विकास शाखाले संकलन गरेको स्किमहरु कार्यापालिकाको वैठकमा पेश गर्नुपर्ने छ । पेश भएका स्कीमहरु मध्ये कार्यापालिकाको वैठकबाट उपयुक्त स्कीमहरुलाई स्वीकृत गरिने छ । स्वीकृत गरिएका स्कीमहरुलाई गाउँपालिकाको कार्यालयले सम्झौता गराई कार्यक्रम संचालन गराइनेछ ।

ङ) **ईष्टिमेटः** छनौट भएका स्कीमहरुको लागत ईष्टिमेट पाथीभरा याङवरक गाउँपालिकाको कृषि विकास शाखामा कार्यरत कृषि प्राविधिकले तयार गर्नुपर्नेछ ।

च) **अनुदान रकम प्रवाह प्रकियाः** अनुदान सहयोग रकम र उपलब्ध गराउने प्रक्रिया देहाय बमोजिम हुनेछ ।

क) प्रति स्कीम रु ५०,००० देखि रु २,००,०००।— सम्म अनुदान रकम उपलब्ध गराइनेछ ।

ख) स्कीम स्वीकृत पश्चात पाथीभरा याङवरक गाउँपालिकाको कार्यालयले उक्त कार्यक्रमको लागि अनुदान रकम बैंक खातामा उपलब्ध गराउने छ । यसरी अनुदान रकम उपलब्ध गराउँदा कार्यक्रम सम्पन्न भए पछि मात्र उपलब्ध गराईनेछ । यस्तो अनुदान रकम व्यवसायिक तरकारी, तेलहन वाली खेति, मसला वाली खेति, दलहन वाली, च्याउ उत्पादन/खेती गर्न आवश्यक पर्ने वीउ, मल, प्लाष्टिक, विषादी, सिचाईको पाईप, थोपा सिचाई, होर्डिङ्ग बोर्ड, मौरी गोला सहितका घार, मौरी घार, मह उत्पादन गर्न आवश्यक सामाग्री, तालिम तथा तरकारी/च्याउ उत्पादन गर्न आवश्यक पर्ने सामाग्री आदिमा समेत खर्च गर्न सकिनेछ ।

७. **कार्य सम्पन्न प्रतिवेदनः** युवा कृषकहरुले ईष्टिमेट र सम्झौता अनुसार कार्यक्रम पूर्णरुपले सम्पन्न भईसकेपछि कृषि विकास शाखा मार्फत गाउँपालिकाको कार्यालयमा अनुसूची ४ बमोजिमको ढाँचामा कार्य सम्पन्न प्रतिवेदन पेश गर्नुपर्नेछ ।

## परिच्छेद-३
## विविध

८. **अनुगमनः** कृषि विकास शाखाले सुरुदेखि नियमित रुपमा अनुगमन गर्नेछ । र पाथीभरा याङवरक गाउँपालिकाको योजना अनुगमन समिति तथा गाउँपालिकाको कार्यालयबाट समेत नियमित अनुगमन गरिनेछ । गाउँपालिकाको योजना अनुगमन शाखाले अनुगमन प्रतिवेदन पेश गरेपछि मात्र अन्तिम किस्ता रकम उपलब्ध गराईनेछ ।

९. **कार्यवाहीको व्यवस्थाः** प्रस्ताव स्वीकृत भएका युवा कृषकहरुले ईष्टिमेट र सम्झौता अनुसार कार्यक्रम सम्पन्न नगरी प्राप्त अनुदानलाई दुरुपयोग गरेको पाइएमा नेपाल सरकारको प्रचलित ऐन नियम तथा कानुन बमोजिम कार्यवाही गरी रकम असुल उपर गरिनेछ ।

१०. **प्रचलित कानून लागू हुनेः** युवा लक्षित कार्यक्रम कार्यान्वयनको सम्बन्धमा प्रचलित कानूनमा उल्लेख भएकोमा सोही बमोजिम तथा उल्लेख नभएको कार्यक्रमको हकमा यसै कार्यविधि बमोजिम कार्यान्वयन हुनेछ ।

११. **कार्यविधि संशोधन तथा परिमार्जनः** पाथीभरा याङवरक गाउँपालिका कार्यपालिकाको वैठकले यस कार्यविधिमा आवश्यक परिमार्जन एवं संशोधन गर्न सक्नेछ ।

अनुसूची – १

## तरकारी खेति/ तेलहन वाली खेति/ मसला वाली खेति/ दलहन वाली च्याउ/मौरी सम्बन्धि युवा लक्षित कार्यक्रमको प्रस्ताव आव्हानको सूचनाको ढाँचा

सूचना । सूचना ।। सूचना ।।।

यस कार्यालयको आ.व. २०......./....... को वार्षिक स्वीकृत कार्याक्रम अनुसार युवाहरुलाई तरकारी खेति/च्याउ/ मौरी सम्बन्धि कार्यक्रमको माध्यकबाट स्वरोजगार प्रवर्द्धन गर्ने कार्यक्रम रहेको हुँदा यस गाउँपालिकाका ईच्छुक १८ देखि ५० वर्ष उमेरका अर्ध वेरोजगार/ वेरोजगार युवाहरुबाट दरखास्त आव्हानको लागि यो सूचना प्रकाशित गरिएको छ । सूचना प्रथम पटक प्रकाशन भएको मितिले १५ दिन भित्र तोकिएको ढाँचा अनुसारको आवेदन फारममा दरखास्त दिनु होला । पूनश्चः आवेदन साथ तपसिल अनुसारका कागजातहरु संलग्न राख्न समेत यसै सूचना द्वारा सूचित गरिन्छ ।

तपशिल

१. अनुसूची २ अनुसारको आवेदन फाराम ।

२. अनुसूची ३ अनुसारको संक्षिप्त कार्य योजना ।

३. नेपाली नागरिकताको प्रतिलिपि ।

४. सम्बन्धित वडा कार्यालयको सिफारिस ।

५. अन्य प्रमाणित प्रमाण पत्रहरु (तालिम, शैक्षिक योग्यता आदि) को प्रतिलिपिहरु ।

अनुसूची — २

## तरकारी खेति/ तेलहन वाली खेति/ मसला वाली खेति/ दलहन वाली /च्याउ/मौरी सम्बन्धि कार्यक्रममा अनुदान सहयोग प्राप्त गर्नको लागि दिईने आवेदन-पत्र

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू,
पाथीभरा याङवरक गाउँपालिकाको कार्यालय,
थेचम्बु, ताप्लेजुङ ।

विषयः युवा लक्षित अनुदान सहयोग कार्यक्रम उपलब्ध गराई दिने वारे ।

महोदय,

मलाई युवा लक्षित कृषि कार्यक्रम अन्तर्गत ......................................................................... कार्य गर्न तिब्र ईच्छा भएकोले निम्नानुसार कागजात राखी निवेदन गर्दछु । मैले अनुदान सहयोग प्राप्त गरेमा निर्धारित प्रकृया अनुसार कार्य गर्नेछु । पूनश्चः तपशिल अनुसारका कागजातहरु यसै निवेदन साथ संलग्न राखेको व्यहोरा समेत अनुरोध गर्दछु ।

तपशिल

१. अनुसूची ३ अनुसारको संक्षिप्त कार्य योजना ।

२. नेपाली नागरिकताको प्रतिलिपि ।

३. वडा कार्यालयको सिफारिस ।

४. अन्य प्रमाणित प्रमाण पत्रहरु (तालिम, शैक्षिक योग्यता आदि) को प्रतिलिपिहरु ।

५. वैदेशिक रोजगारबाट फर्केकाको हकमा पासपोर्टको प्रतिलिपि

निवेदकको

नामः

दस्तखतः

ठेगानाः

फोन नं.:

अनुसूची -३

# तरकारी खेती/ तेलहन वाली खेति/ मसला वाली खेति/ दलहन वाली /च्याउ/मौरी सम्बन्धि कार्यक्रमको अवधारणाको

## संक्षिप्त कार्य योजना

उद्यमी युवाको नाम थर: ...............................................................

ठेगाना: ......................................................................

संचालन गर्न खोजेको कार्यक्रम: ..........................................................................

कार्यक्रम संचालन गरिने स्थान: ...............................................................

सहयोग स्वरुप माग गरेको अनुदान रकम/लगानी:

आफ्नो लगानी:

आफ्नो पारिवारिम श्रम:

व्यवसायबाट उत्पादन हुने वस्तुः

उत्पादित कृषि वस्तुको परिमाण:

बजारयोग्य परिमाण:

व्यवसायले वातावरणमा नकारात्मक प्रभाव पार्छ/पार्दैन ?

संचालन गरिने कार्य विवरण:

| क्र.सं. | संचालन गरिने क्रियाकलाप | अनुदान सहयोग | निजि लगानी | जम्मा लगानी |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

उद्यमीको दस्तखत:

सम्पर्क नं.

अनुसूची — ४

## तरकारी खेती/तेलहन वाली खेति/ मसला वाली खेति/ दलहन वाली /च्याउ/मौरी सम्बन्धि कार्यक्रमको प्रगति विवरण पठाउने फारामको ढाँचा

१. उद्यमी कृषकको

नामः

ठेगानाः

२. संचालित कार्यक्रमको

नामः

ठेगानाः

३.आ.व.

| क्र.सं. | कार्य विवरण | इकाई | लक्ष्य | प्रगती | आई परेका वाधा अड्चनहरु | समाधानको लागि सुझावहरु |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

कुल उत्पादित उपज/पदार्थ (के.जी.) :

प्रति इकाई उत्पादित पदार्थको स्थानिय बजारको विक्रि मूल्यः

नाफा/घाटाः

युवा उद्यमीको दस्तखतः

मितिः

अनुसूची -५

## तरकारी खेती/तेलहन वाली खेति/ मसला वाली खेति/ दलहन वाली च्याउ/मौरी सम्बन्धि कार्यक्रमको प्रस्ताव मूल्यांकन

| क्र.सं. | द.नं. | आवेदकको नाम | ठेगाना | मूल्यांकन (१०० पूर्णाङ्कमा गर्ने) | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | उद्यमीको व्यवसाय प्रतिको अनुभव/तालिम (३०) | पेश गरेको कार्ययोजना (४०) | उक्त स्थानमा व्यवसायको सम्भाव्यता उपयूक्ता (१५) | वास्तविक लक्षित. वर्ग (१५) | कुल प्रासाङ्क (१००) |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

अनुगमन मूल्यांकन गर्ने पदाधिकारीको

नामः

पदः

दस्तखतः

मितिः